"कृषि, उर्जा, पर्यटन र प्रविधि; हिलिहाङ गाउँपालिकाको समृद्धि"
हिलिहाङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पञ्चथर, पाँचथर
कोशी प्रदेश, नेपाल

अध्यक्ष :-९८५२६८११७२
उपाध्यक्ष :-९८६२७७२८७९
प्र.प्र.अ :- ९८५२६८४४७७

प.सं. :-२०८३/०८४
सू.नं. :- ७

मितिः-२०८३/०४/२७
ने.सं.:- ११४६ गुंलाथ्व १, विहिबार

## भू–उपयोग क्षेत्र वर्गीकरण तथा कित्तागत विवरण सम्बन्धी सार्वजनिक सूचना !

भू–उपयोग ऐन, २०७६, भू–उपयोग नियमावली, २०७९ एवं हिलिहाङ गाउँ कार्यपालिकाबाट स्वीकृत भू–उपयोगको वर्गीकरणका मापदण्ड तथा आधारहरू बमोजिम यस हिलिहाङ गाउँपालिका क्षेत्रभित्रका सम्पूर्ण जग्गाको हालको भू–उपयोग अनुसार क्षेत्रगत वर्गीकरण भएको नक्सा तथा प्रत्येक वर्गमा पर्ने सम्पूर्ण कित्ता जग्गाहरूको विवरण (Cadastral Inventory/Land Cadastre) तयार गर्ने कार्य सम्पन्न भएको छ । उक्त सम्बन्धी विवरण हिलिहाङ गाउँपालिकाको आधिकारिक वेबसाइट तथा सम्बन्धित वडा कार्यालयहरूमा समेत सम्पर्क गरी हेर्न सकिनेछ । आफ्नो स्वामित्वमा रहेको वा हकभोगमा रहेको जग्गाको वर्तमान अवस्था तथा उपयोग भइरहेभन्दा फरक किसिमले वर्गीकरण भएको भए वा भू–उपयोग क्षेत्र वर्गीकरण सम्बन्धी मापदण्ड तथा आधारहरू विपरीत क्षेत्र वर्गीकरण भएको वा कुनै कित्ता छुटेको वा सो बारे कुनै किसिमको वर्गीकरण परिवर्तन गर्नु पर्ने उचित कारण भएमा सोको प्रमाणसहित हिलिहाङ गाउँपालिकामा सम्बन्धित जग्गाधनीले जग्गाधनी प्रमाणपुर्जा, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, चालु आ.व.को मालपोत/सम्पत्ति कर तिरेको रसिदको प्रतिलिपि समेत संलग्न राखी सम्बन्धित वडा कार्यालयमा सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

प्रस्तुत सूचना प्राप्त गर्ने हिलिहाङ गाउँपालिका अन्तर्गतका सम्पूर्ण जनप्रतिनिधिज्यूहरू, राजनीतिक दलका प्रमुख एवं प्रतिनिधिज्यूहरू, पत्रकार वर्ग, शिक्षक एवं राष्ट्रसेवक कर्मचारीहरूले आ–आफ्नो कार्यक्षेत्र अन्तर्गतका गाउँ, टोल तथा बस्तीहरूमा सर्वसाधारण नागरिकहरूमा प्रचार–प्रसार गरिदिनुहुन अनुरोध छ ।

२०८३/०४/२८

.......................
टोपेन्द्र कुमार लिम्बु
प्रमुख प्रशासकीय अधिकृत

टोपेन्द्र कुमार लिम्बु
प्रमुख प्रशासकीय अधिकृत